

# अध्याय -७

## सानाभन्दा पनि साना मेरा यी मेरा भाइबहिनीहरू

मूल पदहरू: लूका ४:१६-१९; यशैया ६२:१,२; व्यवस्था १५:११; मत्ती १९:१६-२२; लूका १९:१-१० र अय्यूब २९:१२-१६।



***यस अध्यायको मूल सार पदः*** *"तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, 'आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर। मत्ती २५:३४।*

अपरिचित, विदेशी, नौलो मानिसहरू, टुहुरा र विधुवाहरूको बारेमा बाइबलले प्रयाजसो चर्चा गरेका पाइन्छ। "साना भन्दा साना मेरा भाइबहिनीहरू" भनेर येशूले सम्बोधन गर्नुहुँदा तिनीहरू नै हुनसक्छ। तर आजको परिवेशमा ती मानिसहरूको पहिचान हामीले कसरी गर्ने? बाइबलको समयमा अपरिचित मानिसहरू भन्दा तिनीहरू हुनसक्छ जो युद्ध वा अनिकालले गर्दा आफ्ना देश, घरबार छोड्नु परेका थिए। हाम्रो समयमा तिनीहरू लाखौं शरणार्थीहरू भने पनिहुन्छ। तिनीहरूले नचाहाँदै नचाहँदा पनि दरिद्र हुन पुगेका हुन्छन्।

टुहुराहरू भन्दा तिनीहरू हुन् जसका बाबुहरू युद्धमा, दुर्घटना र रोगले गुमाउनुपरेका थिए। आफ्ना बाबुहरू झ्यालखानामा भएको वा कुनै न कुनै परिस्थितिले गर्दा बाबुबिहिन हुन पुगेका हुन्छन्। यहाँ सेवा गर्नुपर्ने ठूलो क्षेत्रलाई समेतिएको पाइन्छ।

टुहुराहरू जस्तै आफ्नो जोडिहरू गुमाउन वाध्य भएका विधुव र विधवीहरू हुन्। धेरै घर परिवारमा कि त आमा हुँदैन कि त बुबा हुँदैन, ती परिवारहरूलाई निश्चयनै चर्चले सहयोग गर्न सक्दछ।

हामीहरू परमेश्वरको क्रियाकलापको प्रवन्धक भएको हैशियतले गरिवहरूलाई सहयोग गर्ने येशूभक्तको विकल्पमात्र होइन। यो त येशूको उदाहरणलाई पछ्याउनु र उहाँको आदेशको पालना गर्नु हो।

## १. येशूको जीवन र सेवाकार्य

आफ्नो सुरुको सार्वजनिक सेवाकार्यमा येशूले गलिल क्षेत्रको नाजरथमा यात्रा गर्नुभएको थियो। यो उहाँको गाउँघर थियो र स्थानीय मानिसहरूले उहाँको काम र आश्चर्य कामको बारेमा सुनेका थिए। उहाँको चलन अनुसार येशूले प्रत्येक साबथ सिनिगगमा जानुहुन्थ्यो। एक साबथ, येशू आधिकारिक धर्मगुरु वा रब्बी नभएतापनि सिनिगगको एउटा अगुवाले उहाँलाई यशैयाको पुस्तकको मुट्ठा दिए र त्यहाँबाट पढ्न अऱ्हाए। येशूले यशैया ६१ः१,२ पढ्नुभएको थियो।

**येशूले यशैया ६१ः१,२ पढ्नुभएको थियो। त्यस अंशसँग तुलना गरेर लूका ४ः१६-१९ पढ्नु** होस् (लूका ७ः१९-२३ पनि पढ्नुहोस्)। यही विशेष पदहरू येशूले किन पढ्नुभयो होला? **यशैयाका ती पदहरूमा मसीहको बारेमा सम्बोधन गरेको कसरी देखिन्छ? ती पदहरूले मसीहको कामको बारेमा कसरी प्रकट गर्दछ? हेर्नुहोस्, "परमप्रभु परमेश्वरका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति परमप्रभुले मलाई अभिषेक गर्नुभएको छ। मन भाँचिएकाहरूको हृदयलाई बाँध्न, कैदमा परेकाहरूलाई स्वतन्त्रता दिन र बन्धनमा परेकाहरूलाई छुटकाराको घोषणा गर्न उहाँले मलाई पठाउनुभएको छ। परमप्रभुको प्रसन्नताको वर्ष र हाम्रा परमेश्वरको बदला दिने दिनको घोषणा गर्न, सबै विलाप गर्नेहरूलाई सान्त्वना दिन।"**

**यशैया ६१ः१-२ र "उहाँ नासरतमा आउनुभयो, जहाँ उहाँ हुर्कनुभएको थियो। उहाँ आफ्नो आदतअनुसार शबाथ-दिनमा सभाघरमा जानुभयो, र पढ्नलाई खड़ा हुनुभयो। उहाँलाई यशैया अगमवक्ताको पुस्तक दिइयो। उहाँले त्यो पुस्तक खोल्नुभयो, र यो कुरो लेखिएको खण्ड निकाल्नुभयोः "परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई**

**दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ।" लूका ४:१६-१९।**

त्यसबेलाका धर्मगुरुहरूले कष्ट पाउने मसीहको बारेमा दिएको भविष्यवाणीहरूलाई वास्ता गरेका थिएनन्। बरु ख्रीष्टको दोस्रो आगमनको महिमालाई मात्र तिनीहरूले लक्षित गरेका थिए। मसीह आउनुहुनेछ जसले इस्राएलीहरूलाई आक्रमणकारी र रोमीहरूबाट उद्धार गरेर यहूदी धार्मिक राज्य स्थापना गर्नुहुनेछ भनेर त्यसबेलाका धर्मगुरुहरूले भविष्यवाणीलाई गलत व्याख्या गरेर सिकाएका थिए। तर जब येशूले मसीहको खास काम के हुनेछ भनेर यशैया ६१:१,२लाई उतारेर सिकाउँदा यहूदी धर्मगुरु र श्रोताबर्गहरूको निम्ति ठूलो धक्का भएको थियो।

गरिबहरूलाई भ्रष्ट सरकारी कर्मचारीहरू, कर लिनेहरू, व्यापारवर्गहरूले दमन नीति अपनाएर व्यवहार गर्दथे। आफ्नै छिमेकीहरू विपन्न वर्ग छ भने पनि सम्पन्न यहूदीहरूले हेप्दथे। गरिब हुनु परमेश्वरको श्राप हो भनेर मानिसहरूले हेर्दथे। तिनीहरूको दुर्भाग्य अवस्था तिनीहरूकै गलत र पापको कारणले भएको थियो भनेर जनमानसमा विश्वास थियो। यस किसिमको मनस्थितिले अड्डा जमाएका मानिसहरूले गरिब र तिनीहरूको दर्दनाक अवस्थाप्रति कमै सहानुभुति दिँदथे।

तैपनि गरिबप्रतिको येशूको प्रेम नै उहाँ मसीह हुनुहुन्छ भन्ने महान् प्रमाण थियो। यो प्रमाण येशूले बप्तिस्मा दिने यूहन्नालाई दिनुभएको जवाफबाट हामी पाउन सक्छौं। यसबारे मत्ती ११:१-६मा यसरी लेखिएको छ, "आफ्ना बाह्रै चेलाहरूलाई आदेश दिइसक्नुभएपछि येशू त्यहाँबाट तिनीहरूका सहरहरूमा सिकाउन र सुसमाचार प्रचार गर्नलाई जानुभयो। यूहन्नाले ख्रीष्टका कामहरूको चर्चा झ्यालखानमा सुने, र आफ्ना चेलाहरूलाई उहाँकहाँ यो कुरा सोध्न पठाए, "के आउनेवालाचाहिँ तपाईं नै हुनुहुन्छ, कि हामीहरू कोही अर्काको प्रतीक्षा गरौं?" येशूले तिनीहरूलाई भन्नुभयो "तिमीहरूले सुनेका र देखेका कुराहरू यूहन्नालाई भनिदेओ, अन्धाहरूले दृष्टि पाउँछन्, र लङ्गड़ाहरू हिँड्दछन्। कुष्ठरोगीहरू शुद्ध पारिएका छन्। बहिराहरू सुन्न सक्ने भएका छन्। मरेकाहरू जीवित भई उठेका छन्, र दरिद्रहरूलाई सुसमाचार प्रचार गरिँदैछ। धन्य हो त्यो, जसले मबाट बाधा पाउँदैन।"

"येशूका आफ्नै चेलाहरूले जस्तै ख्रीष्टको राज्यको बारेमा बप्तिस्मा दिने यूहन्नाले बुझेका थिएनन्। उहाँले दाउदको सिंहासनलाई आफ्नो हातमा लिने अपेक्षा गरेका थिए। तर जब समय बित्दै जाँदा मुक्तिदाताले कुनै राजकीय अधिकार लिन वा राजनैतिक शक्तिको निम्ति उहाँले कदम चाल्नुभएन तब यूहन्ना अन्यौलमा परेका थिए र उनी बिचलित भएको थिए।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्*, पृ. २१५बाट रूपान्तरित।

*धर्म भनेको धर्मकर्म गरेर शुद्ध र चोखो हुने होइन बरू आफूसँग र अरूहरूसँग असल सम्बन्ध राख्नु हो भनेर याकूबले याकूब १:२७मा यसरी व्यक्त गर्दछन्, "परमेश्वर र पिताको अगाडि शुद्ध र पवित्र धर्म यही हो: अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाह गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु।" याकूब १:२७। हाम्रो विश्वासलाई कस्तो प्राथमिकता दिनुपर्छ भनेर उपर्युक्त पदले हामीलाई कसरी बझाउन खोजिएको छ?*

## २. गरिब तथा विपन्न वर्गको निम्ति परमेश्वरको प्रावधान

गरिब, विपन्न वर्ग, अपरिचित, नौलो, बिदेशी, बिधुवा र टुहुराहरूको बन्दोबस्त कसरी गर्ने भन्ने परमेश्वरको चाहनालाई बाइबलका लेखकहरूले बाइबलमा समावेश गरेका छन्। यसको बारेमा सिनै पहाडदेखिको लेखा हामीसँग छ। “छ वर्षसम्म आफ्नो जमिनमा बीउ छरेर त्यसको उब्जनी बटुल, तर सातौं वर्षमा चाहिँ त्यसलाई नजोती बाँझै छोड़िदेओ, र त्यसबाट तिमीहरूमध्येका गरीबहरूले खाऊन्। तिनीहरूले उबारेका चाहिँ जङ्गली पशुहरूले खाऊन्। तिमीहरूका दाखबारी र भद्राक्षबारीलाई पनि त्यसै गर। “छ दिनसम्म आफ्नो कामकाज गर र सातौं दिनमा चाहिँ विश्राम लेओ, र तिमीहरूको गोरु, गधा, तिम्रो घरमा जन्मेको दास, र विदेशी पनि ताजा होऊन्। प्रस्थान २३:१०-१२।

**देहायका पदहरू पढ्नुहोस्। त्यहाँ लेखिएको परिवेश अहिलेको भन्दा फरकै भएतापनि ती पदहरूबाट हामीले के नीतिहरू सिक्न सक्छौं जुन हाम्रो जीवनमा हामीहरूकै परिप्रेक्ष्यमा परिमार्जित गरेर लागु गर्न सक्छौं? हेर्नुहोस्, “तिमीहरूले आफ्नो देशमा खेतको बाली काट्दा खेतका छेउ-छेउसम्म निखारेर नकाट्नू। तिमीहरूले आफ्नो बालीको शिला-बाला नबटुल्नू। ती तिमीहरूले गरीब र परदेशीहरूका निम्ति छोड़िदिनू। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।” लेवीहरू २३:२२ र "देशमा गरीब सधैं हुनेछन्। यसकारण म तिमीहरूलाई**

**आज्ञा दिँदैछु, आफ्ना भाइबन्धु र आफ्नो देशमा भएका गरीब र दरिद्र हुनेहरूलाई उदार-चित्तले दिनू।" व्यवस्था १५:११।**

भाइबन्धुभन्दा प्रायजसो इस्राएली मित्रहरू वा विश्वासी मित्रहरू हुन भनेर बुझिएको छ। तिनीहरू गरिब भएतापनि तिनीहरू सहायता गर्न योग्य भएकाहरू वा येशूकै कथनमा "साना भन्दा साना यी मेरा भाइबन्धुहरू" वा गरिब विश्वासीहरू हुन्। ती आवश्यक परेकाहरूलाई हामीले कसरी व्यवहार गर्नुपर्छ भन्ने निर्देशन भजनमा दिएको छ। "दुर्बल र अनाथहरूको रक्षा गर, गरीब र थिचोमिचोमा परेकाहरूको न्याय गर। दुर्बल र दरिद्रहरूलाई छुटाओ, दुष्टहरूका हातबाट तिनीहरूलाई छुटकारा देओ।" भजनसंग्रह ८२:३-४। हामीले केवल खानामात्र दिने होइन बरू त्यो भन्दा बढि नै गर्ने काममा हामी संलघ्न हुनुपर्छ भन्ने आभास् यस अंशले हामीलाई दिँदछ।

गरिब, विपन्न र आवश्यक परेकाहरूलाई सहायता गर्नेहरूलाई प्रतिज्ञाहरू दिएका छन् भने नगर्नेहरूको गतिलाई पनि उल्लेख गरिएको छ। "जसले गरीबलाई दिन्छ, उसलाई कुनै अभाव हुनेछैन, तर जसले तिनीहरूप्रति आँखा चिम्लन्छ, त्यसले धेरै श्राप पाउनेछ।" हितोपदेश २८:२७; "यदि राजाले ठीकसँग गरीबको न्याय गर्छ भने, तिनको सिंहासन सदैव सुरक्षित रहनेछ।" (अर्थात् गरिबको न्याय नगर्ने राजाको सिंहासन सुरक्षित हुनेछैन) हितोपदेश २९:१४। यस मामिलामा राजा दाउदले यसरी व्यक्त गर्दछन्, "त्यो धन्यको हो, जसले निर्धाहरूको फिक्री गर्दछ, दुःखको दिनमा परमप्रभुले त्यसलाई छुटकारा दिनुहुन्छ। परमप्रभुले त्यसको रक्षा गर्नुहुनेछ, र त्यसको जीवन जोगाउनुहुनेछ। उहाँले त्यसलाई पृथ्वीमा आशिष् दिनुहुनेछ, अनि त्यसलाई त्यसका शत्रुहरूको इच्छामा छोड्नुहुनेछैन।" भजनसंग्रह ४१:१-२। पौराणिक इस्राएलमा विपन्न वर्गहरूलाई सहयोग गर्नुपर्ने प्राथमिकतालाई सधैं उल्लेख गरेको छ। तर दुर्भाग्यवस कतिपय समयमा यसलाई वेवास्ता गरेको पनि पाइन्छ।

त्यसको विपरित आधुनिक सभ्यतामा विशेष गरेर बिलायतमा एक नीतिले प्रभाव पारेको छ। त्यस नीतिलाई "सामाजिक दार्विनवाद" (विकासवाद सिद्धान्तलाई जन्मदिने दार्विनको नाउँ अनुसार) जसले यो विश्वासगर्दछ कि गरिबहरूलाई सहयोग गर्ने कसैको नैतिक जिम्मेवारीमात्र होइन सहयोग गर्नु पनि गलत हो भन्ने धारणा छ। गरिबलाई सहायता गर्दा प्राकृतिक नियमलाई पछ्याएको हुँदैन अर्थात् प्रकृतिको नियम अनुसार कमजोरीको मोलमा

बलियाहरू जिउँछ। यस धारणा दार्विनले निकालेका हुन्। त्यसकारण सामाजिक दार्विनवादको अनुसार गरिब, विमारी र विपन्न वर्गलाई सहयोग गर्नु समाजको निम्ति हानीकारक छ, किनकि यसरी सहयोग गर्ने व्यवस्था धेरै भयो भने राष्ट्रको जीवनशैली नै कमजोर बनाउँछ। गरिबहरू बाँच्न चाहन्छन् भने तिनीहरू आफै संघर्ष गर्न दिनुपर्छ, तिनीहरूलाई वाह्य सहायता गऱ्यो भने तिनीहरूको संघर्ष गर्ने बललाई घटाइदिन्छ। यो धारणा निष्ठुर धारणा हो। यो विकासवाद सिद्धान्तको उपज हो र आफ्नै संघर्षमा बाँच्नेहरू योग्य हुन्छन् भन्ने धारणा दार्विनको हो र यो बाइबल अनुसार गलत छ।

*सारा मानव प्राणीको निम्ति येशू मर्नुभएकोले मानिसहरू जो वा जे भएतापनि सुसमाचारको सन्देशले सबै मानिसलाई कदर व्यवहार गर्नुपर्छ भन्ने धारण के उपयुक्त र न्यायोचित छैन र ? एक आपसलाई सहयोग गरेर एक आपसको उत्थान गर्नपर्छ भन्ने भावना येशभक्तमा हन जरुरी छ।*

## ३. धनी युवक शासक

यस धनी युवा शासको बारेमा हामीलाई धेरै थाहा छैन न त उनको नाउँ नै। तर उनी जवान, शासक र धनी थिएमात्र हामीलाई थाहा छ। आफ्नो अधिकार र धनमामात्र होइन उनी आत्मिक बस्तुहरूमा पनि चासो देखाएका थिए। यो व्यक्ति यस्तो फूर्तिलो थिएकि उनी दगुरेर येशूकहाँ आएका थिए (मर्कूस १०:१७)। अनन्त जीवनको बारेमा सिक्न उनी अत्यन्तै उत्सुक थिए। यो कथा यस्तो महत्त्वपूर्ण छ कि सुसमाचारको तीनै पुस्तकहरूमा यो कथा लेखिएको छः मत्ती १९:१६-२२, मर्कूस १०:१७-२२,र लूका १८:१८-२३।

**मत्ती १९:१६-२२ पढ्नुहोस्। "यदि तिमी सिद्ध हुन चाहन्छौ भने, गएर तिमीसित भएका सबै बेचेर दरिद्रहरूलाई देऊ, र तिमीले स्वर्गमा धन प्राप्त गर्नेछौ, अनि आएर मपछि लाग।" (मत्ती १९:२१) भनेर येशूले सुनाउनुभएको तात्पर्य के हो? हेर्नुहोस्, "उहाँकहाँ आएर एक जनाले भने, "हे गुरु, मैले अनन्त जीवन प्राप्त गर्नलाई के असल काम गर्नुपर्छ?" उहाँले तिनलाई भन्नुभयो, "असल के हो त्यस विषयमा तिमी मलाई किन सोध्दछौ? असल त एउटै मात्र हुनुहुन्छ। तर तिमी जीवनमा प्रवेश गर्न इच्छा गर्दछौ भने, आज्ञाहरू पालन गर।" तिनले उहाँलाई भने, "कुन-कुनचाहिँ?"**

**येशूले भन्नुभयो, "तिमीले हत्या नगर्नू, तिमीले व्यभिचार नगर्नू, तिमीले चोरी नगर्नू, तिमीले झूटो गवाही नदिनू। १९ आफ्ना आमा-बुबाको आदर गर्नू, र आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नू।" ती जवान मानिसले उहाँलाई भने, "यी सब त मैले पालन गरेकै छु। अब ममा के कमी छ?" येशूले तिनलाई भन्नुभयो, "तिमी सिद्ध हुन चाहन्छौ भने, गएर तिमीसित भएका सबै बेचेर दरिद्रहरूलाई देऊ, र तिमीले स्वर्गमा धन प्राप्त गर्नेछौ, अनि आएर मपछि लाग।" जब ती जवान मानिसले यो कुरा सुने, तिनी दुःखित भएर गइहाले, किनकि तिनको धेरै धन-सम्पत्ति थियो।"**

प्रायजसो हामी सबैलाई हामीसँग भएका सबै थोकहरू बेचेर गरिबहरूलाई पैसा देऊ र उहाँलाई पछ्याऊ भन्नुहुन्न। तर पैसा नै यस मानिसको निम्ति भगवान भएको देखिन्छ। यस मानिसको निम्ति येशूको जवाफ कठोर देखिएतापनि उनलाई यो थाहा थियो कि उनले मुक्ति पाउन उहाँले जे भन्नुभएको थियो त्योमात्रै उपाय हो।

त्यो मानिस धेरै दुःखित भएर फर्के किनिको उनी धेरै धनी थिए भनेर बाइबलले बताउँदछ। उनको निम्ति पैसा नै सबै थोक थियो र पैसानै उनको निम्ति पूजनीय थोक थियो। उनलाई अनन्त जीवन उपलब्ध गराइएको थियो र आफ्नो भित्री घेरामा उनलाई हुल्न चाहनुभएको थियो (जब १२ जना चेलाहरूलाई बोलाउनुभयो उहाँले त्यही वाक्य "मेरो पछि लाग" भन्नु भएको थियो)। त्यसपछि यस युवकको बारेमा हामीले फेरि कहिल्यै पनि सुनेनौं। आफ्नो सांसारिक सम्पत्तिको निम्ति उनले अनन्त जीवन त्यागेका थिए।

यो कस्तो भयानक त्याग हो, होइन त? आफ्नो वर्तमान मोजमज्जाको निम्ति पछि आउने स्वर्गिय सम्पत्ति त्याग्नु यो दुःखदायी उदाहरण हो। यो मानिसले जे रोज्यो त्यो धोखा थियो, किनभने हामीमा जतिसुकै भौतिक साधन, सुविधा र धन अहिले भएतापनि ढिलो र चाँडो हामी मर्दछौं र अनन्त जीवन कसरी बिताउने भन्ने निर्णय हामीले गर्नुपर्ने हुन्छ। हामीलाई थाहा छ कि धेरै धनी मानिसहरूले तिनीहरूलाई चाहिने अपेक्षा गरिएको शान्ति, सुख र आनन्द पाउन सकेका छैनन्, बरु त्यसको ठिक बिपरित भएको तिनीहरूले पाएका थिए र पाइरहेका छन्। धनी मानिसहरू कतिको दयनीय थिए भनेर धेरै धनी मानिसहरूका जीवन कहानीहरू बजारमा छन्। अझ भनौं भने बाइबलमा चित्रण गरिएको धनी मानिसको दयनीय अवस्था उपदेशकको पुस्तकमा चित्रण गरेको ज्वलन्त उदाहरण हामीले पढ्न सक्छौं। यस पुस्तकबाट जे पाठहरू

हामीले सिक्ने सक्ने भएतापनि एउटा कुरो त स्पष्ट छः पैसाले शान्ति, सुख, खुशी र आनन्दलाई किन्न सकिन्न।

*येशूले भन्नुभयो, "तब उहाँले आफ्ना चेलाहरूका साथमा भीड़लाई आफूकहाँ बोलाएर तिनीहरूलाई भन्नुभयो, "कोही मानिस मपछि लाग्ने इच्छा गर्दछ भने त्यसले आफूलाई इन्कार गरोस्, र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्। किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्दछ, त्यसले त्यो गुमाउनेछ, तर मेरो र सुसमाचारको निम्ति आफ्नो प्राण गुमाउनेले त्यो बचाउनेछ। किनभने मानिसले सारा जगत् हात पारेर आफ्नो प्राण गुमायो भने त्यसलाई के फाइदा हुन्छ ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ ? अनि यस व्यभिचारी र पापी पुस्तामा जो मदेखि र मेरो वचनदेखि शर्माउँछ, मानिसको पुत्र पनि आफ्ना पिताको महिमामा पवित्र दूतहरूसँग आउँदा त्यसदेखि शर्माउनेछ।" मर्कूस ८:३४-३८। सुसमाचारको निम्ति आफ्नो ज्यान गमाउन भन्नको अर्थ के हो?*

## ४. जक्कै वा जखायस

जक्कै अत्यन्ती धनी यहूदी थिए। यहूदीहरूले घृणा गरेका रोमी सरकारको निम्ति उनले कर असुल्ने काम गर्दथे। जक्कैमात्र होइन अरू कर असुल्नहरूले निर्धारित करभन्दा धेरै कर लिन्थे। यही परिवेशमा जक्कैलाई जनताले घृणा गर्थ्यो र उनलाई पापी भनेर सम्बोधन गरिएको थियो।

जक्कै यरिहोमा रहन्थे। यो बन्दव्यापारको थलो थियो। जक्कै र येशूको भेटघाट कुनै अचानक वा संयोग थिएन। येशूको बारेमा सुनेकोले जक्कैको दिमागमा केही आत्मिक सत्यहरू घुसेका थिए र आफ्नो जीवन परिवर्तन गर्न चाहेका थिए। उनले येशूको बारेमा धेरै सुनेकोले उहाँलाई भेट्न धेरै उत्सुक भएका थिए। येशू र उहाँका चेलाहरू त्यस दिन यरिहोमा आउने समाचार उनले सुनेको हुनुपर्छ। येशूको गलिलबाट यरिहोमा जानु आवश्यक थियो। यो यरुशलेममा आफू खुशी जाने अन्तिम यात्रा थियो। जक्कैको बारेमा येशूलाई पहिला नै थाहा थियो भन्ने कुरो उहाँले उनलाई सम्बोधन गरिएका शब्दहरूले देखाउँदछ।

**लूका १९:१-१० पढ्नुहोस्। धनी युवा शासक र जक्कैसँग येशूले देखाउनु भएको अनुभवमा के भिन्नता छ? (अझ अचम्म त येशूले जक्कैलाई आफ्नो काम छोड र आफ्नो श्रीसम्पत्ति बेचेर मेरो पछि लाग पनि भन्नुभएन- अनुवादक)। हेर्नुहोस्, "येशू यरीहोमा प्रवेश गरेर त्यहाँबाट जाँदैहुनुहुन्थ्यो। त्यहाँ जखायस नाउँ भएका एक जना मानिस थिए। तिनी कर उठाउनेहरूमा**

**प्रमुख मानिस थिए, अनि धनी थिए। येशू को हुनुहुँदोरहेछ भनेर तिनी हेर्न चाहन्थे, तर पुड़को भएका हुनाले भीड़ले गर्दा तिनले देख्न सकेनन्। तिनी उहाँलाई हेर्नलाई अगिअगि दौड़ेर एउटा अञ्जीरको रूखमा चढ़े। किनकि येशू त्यही बाटो भएर जान लाग्नुभएको थियो। जब येशू त्यस ठाउँमा आइपुग्नुभयो, तब उहाँले मास्तिर हेरेर तिनलाई भन्नुभयो, "ए जखायस, चाँड़ो ओर्लेर आऊ, किनभने आज मलाई तिम्रो घरमा बस्नुपरेको छ।" तिनी झट्टै ओर्लेर आए। अनि खुशीसाथ उहाँको सत्कार गरे। जब मानिसहरूले यो देखे, तिनीहरू सबै यसो भनेर गनगनाउन लागे, "उनी पापीको घरमा पाहुना लाग्न गए।" जखायसले खड़ा भएर प्रभुलाई भने, "प्रभु, हेर्नुहोस्, म आफ्ना सम्पत्तिको आधा भाग गरीबहरूलाई दिन्छु, र कोहीबाट अन्यायपूर्वक केही लिएको छु भने म त्यसको चार गुणा फिर्ता गरिदिनेछु।" तब येशूले तिनलाई भन्नुभयो, "आज यस घरमा मुक्ति आएको छ, किनकि यिनी पनि अब्राहामका छोरा हुन्। किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।"**

दुवै जखायस र धनी शासकमा एउटै कुरो साझा थियो। दुवै धनी थिए; दुवैले येशूलाई भेट्न चाहेका थिए र दुवैले अनन्त जीवन चाहेका थिए। तर तिनीहरूको बीचमा भएका समान्तर यहीं रोकिन्छ।

जखायसले आफ्नो सम्पत्तिको आधा भाग गरिबलाई दिनेछु भनेर सार्वजनिक घोषणा गरे जुन येशूले ग्रहण गर्नुभयो। यसले उनको हृदय सत्यरूपमा परिवर्तन भएको थियो भनेर देखाएको थियो। आफू खुशी गरिबलाई दान दिन्छु भनेर उनले हृदयदेखि नै व्यक्त गरेकोले उनको घरमामात्र होइन उनको हृदयमा पनि येशू भित्रिनु भएको थियो भनेर देखाउँदछ। येशूले जखायसलाई यो भन्नुभएन, *माफ गर्नु जखायस, धनी शासकलाई राखेको सर्त पनि तिमीलाई लागु हुन्छ। कि सबै थोक त्याग कि त केही पनि नत्याग। तिम्रो आधा सम्पत्ति दिने कुरालाई म मान्यता दिन्न।* तर यहाँ जखायसले के देखाएका थिए भन्ने आभास हामीलाई मिल्छ त्यो थियो धनी युवा शासकलाई जस्तो उनको निम्ति धन भगवान थिएन। उनले धनलाई तिरस्कार त गरेको थिएन,बरु मनै पराएका थिए। येशूले जखायसलाई  विशेष गरेर के के सुनाउनुभयो सो हामीलाई थाहा छैन, यद्यपि गरिबलाई पैसा बाँड्ने कुरो पहिलै जखायसको मुखबाट सुनिएको थियो। त्यसको विपरित धनी युवा शासकलाई विशेष गरेर सबै त्याग भनेर येशूले भन्नु भएको थियो। किनभने धनले त्यस शासकलाई नाश गर्नेछ भन्ने कुरो येशूलाई थाहा भएको हुनुपर्छ। धन कमाउनु,

धन थुपार्नु आफै अभिशाप होइन तर जखायस जस्तो कुनै पनि धनाढ्यले धनप्रतिको मनस्थितिलाई बुझ्नु आवश्यक छ। धनको पछि लाग्नुमात्रले खतराहरू उत्पन्न गर्छ भन्ने कुरो सबैले बुझ्नु आवश्यक छ। आफ्नो धनप्रति आफ्नो पूर्ण नियन्त्रण भएको जखायसले देखाएका थिए जुन धनी युवा शासकले देखाएनन्।

जब येशूबाट धनी युवा शासक फनक्क फर्के तब तिनीहरूको स्वामीले तिनीहरूलाई सुनाउनुभएको यो वचनप्रति तिनीहरू चकित भएका थिए " आफ्नै धनमात्र भरोसा राख्ने धनी मानिसहरू परमेश्वरको राज्यमा पस्न कस्तो कठिन छ! तिनीहरू चकित भएर एक आपसमा कुरा गरे, 'तब कसले मुक्ति पाउन सक्दछ र? अब तिनीहरूले येशूले भन्नु भएको सत्यको प्रमाण देखेका थिए, 'जुन कुरो मानिसहरूको निम्ति असम्भव छ त्यो कुरो परमेश्वरको निम्ति सम्भव छ।' मर्कूस १०:२४,२६; लूका १८:२७। परमेश्वरको अनुग्रहले धनी मानिस पनि परमेश्वरको राज्यमा पस्न सक्छ भन्ने कुरा तिनीहरूले बुझे।"- एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ५५५बाट रूपान्तरित।

## ५. अय्यूबकोबारेमा सोच्नु

**परमेश्वर आफैले अय्युबको बारेमा कसरी तारिफ गर्नुभएको थियो? हेर्नुहोस्, अय्यूब १:८, "तब परमप्रभुले शैतानलाई सोध्नुभयो, "के तैंले मेरो दास अय्यूबलाई याद गरिस्? परमेश्वरको डर राख्ने र दुष्ट कामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन।" अय्यूब १:८।**

परमेश्वर आफैले अय्यूब निर्दोष वा सिद्ध र सोझोमात्र होइन यस पृथ्वीभरि उनको बराबरमा कोही पनि छैन भनेर उनको तारिफ गर्नुभएको मनलाई आनन्द नै दिन्छ। "निर्दोष, "सोझो, "परमेश्वरको भय राख्ने वा उहाँप्रति श्रद्धा राख्ने' र "दुष्ट कामबाट अलगै बस्ने" भन्ने अय्यूबको बारेमा बोलेका शब्दहरू परमेश्वर आफैको थियो।

अय्यूबले एक दुर्घटना पछि अर्को दुर्घटना वा विपतको सामना गरिसकेतापनि ती सबै थोक उनले पचाउन सकेका थिए। त्यसकारण, परमेश्वरले अय्यूबको बारेमा पहिलाको जस्तै तारिफ गर्नुभएको थियो। तर एउटा कुरो परमेश्वरले थप्नु भएकोथियो, "तब परमप्रभुले शैतानलाई भन्नुभयो, "के तैंले मेरो दास अय्यूबलाई याद गरिस्? परमेश्वरसँग डर राख्ने र दुष्ट

कामबाट अलग रहने त्योजस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन। विनाकारण त्यसलाई नाश गर्नलाई तैंले मलाई उस्काइस्। तर त्यसको निष्ठा अझसम्म ढलपल भएको छैन।" अय्यूब २:३।

अय्यूब कतिको सिद्ध,निर्दोष, सोझो थियो कि त्यस्तो विषम् परिस्थितिमापनि उनले परमेश्वरमाथिको पकडलाई उनले छोडेनन्। अझ त्यसमाथि पनि उनलाई बज्रपात हुने गरेर आफ्नै श्रीमतीले चित्तनै फाल्ने गरेर यो वचन दुर्भाग्यवस बोलेकी थिइन्, " "के तपाईं आफ्नो निष्ठामा अझै अड़ी नै रहनुहुन्छ? परमेश्वरलाई सराप्नुहोस् र मर्नुहोस्।" (वा आत्महत्या गर्नुहोस्?)। अय्यूब २:९। निःसन्देह, अय्यूबको अडानको शक्तिशाली दृश्य हामीले हेर्न पाएतापनि अय्यूबको जीवनको दुःखद पर्दा उघार्नुभन्दा पहिले उनको जीवनको अर्को पक्ष अय्यूबको पुस्तकले प्रकट गरेको छ।

**अय्यूब २९:१२-१६ पढ्नुहोस्। यहाँ अय्यूबको चरित्रको रहस्य वा गुणहरूलाई अझ राम्रोसँग कसरी चित्रण गरेको छ जसले गर्दा उनी सतमा बस्न सकेका थिए? हेर्नुहोस्, "सहायताको लागि पुकारा गर्दा गरीब मानिसहरूलाई, र रक्षाहीन पितृहीनहरूलाई मैले बचाएँ। मर्न लागेको मानिसले मलाई आशीर्वाद दिन्थ्यो, र मैले विधवाको मन आनन्दले गाउने पारिदिन्थें। धार्मिकतालाई मैले आफ्नो लुगाजस्तै लगाएँ, इन्साफलाई मैले मेरो पोशाक र फेटाझैं लगाएँ। अन्धाको लागि म आँखा भएँ, र लङ्गड़ाको निम्ति खुट्टा। दरिद्रको लागि म बाबुझैं थिएँ, र विदेशीको पक्षमा म मुद्दामा खड़ा हुन्थें।" अय्यूब २९:१२-१६।**

अय्यूबको आफ्नै शब्दहरूले उनको चरित्रलाई देखाएको उल्लेखनीय नै मान्नुपर्छ। "दरिद्रको लागि म बाबुझैं थिएँ, र बिदेशीको पक्षमा म मुद्दामा खडा हुन्थें" (कतिपय बाइबलका संस्करणहरूमा "मलाई थाहा नभएको मामिलालाई खोज्थें" भनेर अनुवाद गरिएको छ-अनवादक)। अर्को शब्दमा भन्ने हो भने केही मुद्दामामिला वा समस्या भयो भने उनी तमाशा हेरेर बसेका थिएनन्। कोही माग्ने मानिस उनकहाँ आओस् भनेरमात्र उनी पर्खेर बसेनन्तर तिनीहरूको आवश्यकताहरूको खोजनीति गरेर तिनीहरूको सहायता गर्दथे।

यस मामिलामा एलेन जी ह्वाइटले यो सल्लाह हामीलाई दिन्छिन्, "गरिबहरू तपाईंहरूकहाँ आएर आफ्ना आवश्यकताहरू भनोस् भनेर तपाईं नपर्खनुहोस्। अय्यूबले जस्तै सक्रिय हुनुहोस्। उनलाई थाहा भएको कुरा उनले खोज्नुपर्ने आवश्यक थिएन। त्यसरी नै कहाँ कहाँ आवश्यकता छ त्यहाँ त्यहाँ गएर हेर्नुहोस् र तिनीहरूको आवश्यकता सकेसम्म पूरा गरिदिनुहोस्।"-

*टेस्टिमोनिज फर द चर्च,* ठेली ५, पृ. १५१बाट रूपान्तरित। यो स्तर नै पैसाको बारेमा व्यवस्थित गर्ने र परमेश्वरका स्रोतहरूको सञ्चिता वा भन्डारे हो जुन धेरै जसो परमेश्वरका छोराछोरीहरूले आज गर्न सकेका छैनन्।

**यशैया ५८:६-८ पढ्नुहोस्। यशैयाको यी वचनहरूलाई आजको परिप्रेक्ष्यमा हामीले कसरी कायमा राख्न सक्छौं? हेर्नुहोस्, "अन्यायको बन्धन फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिन मैले चुनेको किसिमको उपवास यही होइन र? आफ्नो भोजन भोकासित बाँड्चूँड् गर्नु, र घर नभएका गरीबहरूलाई शरण दिनु– नाङ्गोलाई देखेर लुगा लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र? तब तिमीहरूको ज्योति बिहानझैं फुटेर निस्कनेछ, र तिमीहरू चाँड़ै निको हुनेछौ। तब तिमीहरूको धार्मिकता तिमीहरूका अगिअगि जानेछ, र परमप्रभुको महिमाचाहिँ पछिल्तिरको रक्षक हुनेछ।"**

**उपसंहार:**

**थप जानकारी:** "'जब मानिसको पुत्र उहाँका सारा स्वर्गदूतहरूको साथ आफ्नो महिमामा आउनुहुनेछ तब उहाँको महिमाको सिंहासनमा बस्नुहुनेछ: र उहाँको अगाडि सारा राष्ट्रहरूलाई जम्मा गर्नुहुनेछ: अनि उहाँले एकबाट अर्कोको बीचमा अलग गर्नुहुन्छ।' यसरी येशूले जैतुनको डाँडामा महान् न्यायको दिनको दृश्यलाई आफ्ना चेलाहरूलाई चित्रण गर्नुभएको थियो। अनि उहाँले एउटा कुरामा निर्णय गर्ने तिनीहरूलाई देखाउनुभएको थियो। जब सारा राष्ट्रहरू उहाँको सामुन्ने जम्मा हुन्छन्, त्यसबेला त्यहाँ दुई वर्गहरू हुनेछन्, र तिनीहरूको अनन्तको गति तिनीहरूले के गरे र के गर्न वेवास्ता गरे त्यसमा भरपर्नेछ। गरिब र कष्ट पाएकाहरूलाई उहाँको निम्ति तिनीहरूले के गरे र के गरेन त्यसैमा तिनीहरूको अनन्तको भविष्यको फैसला हुनेछ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ६३७ बाट रूपान्तरित।

जब तपाईँले ख्रीष्टका आवश्यक भएका र दु:ख पाएकाहरूको निम्ति ढोका खोल्नुहुन्छ तब तपाईँले स्वर्गदूतहरूलाई सत्कार गरिरहेको हुन्छ। त्यसबेला तपाईँले स्वर्गका जीवहरूको मित्रतालाई आमन्त्रण गर्दै हुनुहुनेछ। तिनीहरूले आनन्द र शान्तिको पवित्र वातावरण ल्याउँदछन्। तिनीहरू तिनीहरूको ओठहरूमा प्रशंसाको गीत गाउँदै आउनेछन् जसको ताल स्वर्गसम्म पुग्दछ। दया र करुणाको प्रत्येक कामले स्वर्गमा सङ्गीत बनिन्छ। उहाँको बहुमूल्य दौलतहरूको बीचमा भएको निस्वार्थी सेवकहरूको गन्ति परमेश्वर पिताको सिंहासनबाट गरिनेछ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ६३९बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. "देशबाट गरिबहरू कहिल्यै पनि हट्नेछैनन्" (व्यवस्था १५:११ रूपान्तरित)। यो हजारौं वर्ष अघि गरिएको भविष्यवाणी अहिलेपनि पूरा भइरहेको छ। यसलाई हामीले कसरी बुझ्ने? कतिले यी शब्दहरूलाई नै बहाना बनाएर गरिबहरूप्रति यसरी आँखा चिम्लेको पाइन्छ, "गरिबहरू हाम्रो बीचमा सधैं हुनेछ भनेर परमेश्वरले नै भन्नुभएको छ। त्यसकारण हामीले के गर्नसक्छौं र?" यस्तो धारणा किन गलत छ?

आ. १ तिमोथी ६:१७-१९मा लेखिएको छ "यस संसारका धनीहरूलाई घमण्डी नहुने आज्ञा देऊ, र अनिश्चित सम्पत्तिमा होइन तर हामीलाई हरेक थोक प्रशस्तसँग उपभोग गर्न दिनुहुने परमेश्वरमाथि तिनीहरूले आशा राखून्। तिनीहरूले असल कार्य गरून्, र असल कामहरूमा धनी, उदार-चित्त र दानी होऊन्। यसरी आफ्नै लागि भविष्यको असल जग बसाल्न सकून्, ताकि तिनीहरूले त्यो जीवन पक्रिराखून् जो साँच्ची नै जीवन हो।" यसमा एउटा कुरामा सतर्क गराएको छ हेर्नुहोस्ः आफ्नै धनसम्पत्तिमा भरोसा राख्नु भनेरको जीवित परमेश्वरको विरुद्धमा जानु हो। पैसा हुने धेरैले यो बाटोमा जानु किन सजिलो छ, अन्तमा आएर तिनीहरूलाई पैसाले जीवित राख्न सक्दैन भनेर थाहा पाएतापनि? जीवित परमेश्वरबाहेक अरू थोकमाथि भरोसा नराख्न हामी कसरी होशियारी हुने?

## कथा ७

## फिनल्यान्डमा दुई चकित पार्ने कुराहरू

**सिमो भेकाभुअरी फिनलान्डको एडभेन्टिस्ट पुस्तकहरू बिक्री गर्ने युवक थियो। ऊ लापलान्ड हिमाली क्षेत्रमा घर घरमा गएर पुस्तकहरू बिक्री गर्दै थियो। एक दिन उसले एउटा घरको ढोकामा घन्टी बजायो। त्यसबेला एउटी महिलाले ढोका खोलिन्। बाहिर सिमोलाई देखेर उनले ठूलो स्वरमा भनिन्, "तिमीबाट बाइबलका कथाहरूको दश वटा भागहरू भएको पुस्तक किन्न चाहन्छु!" साइमोनले आफूले किताब बेच्न आएको भनेर भन्ने पनि भ्याएको थिएन। आफूसँग अर्थर माक्सवेलको** दस भाग भएको बाइबलका कथाहरूको पुस्तक छ पनि भनेको थिए।

"ती किताबहरू तिमीबाट किन किन्न खोजेको सो सुनाउँदा तिमीलाई अचम्म लाग्दछ होला। गत रात **परमेश्वरले मलाई एउटा सपना देखाउनुभयो। त्यस सपनामा मलाई उहाँले तिम्रो अनुहार देखाउनुभयो, र भन्नुभयो, 'यो व्यक्ति तिम्रो घरमा आउनेछ। उसकाट दश भाग भएको बाइबलका कथाहरूको पुस्तकहरू किन्नु। त्यसैकारण, तिमीसँग म किताब किन्न तयार भएको!" त्यस महिलाले बताइन्।**

**अर्को पल्ट सिमो एउटा पसलमा गएर त्यसको साहुलाई एलेन ह्वाइटको *द ग्रेट कन्त्रोभर्सी*** किन्न अनुरोध गऱ्यो। "खोइ, यस पुस्तकको बारेमा हामी केही बुझ्न सक्दैनौं। हाम्रो छोरी एउटा धार्मिक स्कूलकी प्रिन्सिपल छिन्। उनी भोली आउँछिन्। तिमी भोली आउन सक्छौ?' त्यस पसलले भन्यो।

सिमोले आफ्नो जुम्ल्याहा भाइसँग त्यस बारे कुरा गऱ्यो। ऊपनि सिमोसँगै सहरमा पुस्तक बेच्दै थियो। भोलिपल्ट पसलेकहाँ जाने कुरामा प्रार्थना गरौं भनेर उसले भन्यो।

जब भोलिपल्ट त्यस पसलमा सिमोन गयो तब साहुले आफ्नी छोरीलाई उसलाई चिनाए। जब सिमोन सेभेन्थ-डे एडभेन्टिस्ट भएको थाहा पाइन् तब उनले रिसले चुर्ण भएर एडभेन्टिस्ट चर्चको ठूलो आलोचना गरिन्। उनको रिस पोखिसकेपछि सिमोले उनीसँग बोल्न अनुमति मागिन्। "प्रिय प्रिन्सिपलज्यु, हाम्रो एडभेन्टिस्ट चर्चमा कस्तो महान् परमेश्वरको आराधना गर्छौं तपाईंलाई थाहा छैन! म त्यस परमेश्वरको पिछा गर्न चाहन्छु जहाँ उहाँको सेवा गर्न हामीलाई खटाउँछ।"

उनी अचम्म मानिन्। "बाबु, तिम्रो निम्ति परमेश्वर त्यस्तो महत्त्व छ भने," आमातिर फर्केर उनले भनिन्, ' आमा तपाईंसँग पैसा छ भने मलाई अलिकती दिन सक्नुहुन्छ? यो युवकसँग भएको सबै पुस्तक म किन्न चाहन्छु।"

सिमोले उनी र उनका बाबुआमासँग प्रार्थना गऱ्यो। जब सिमो आफू बसेको कोठामा फर्केको थियो, उसको दाजु घुँडा टेकेर प्रार्थना गर्दै थियो। परमेश्वरले अचम्म तरिकाले हस्तक्षेप गरेको कुरा आफ्नो भाइलाई सिमोले सुनायो।

सिमो अहिले अवकास पाएको छ। जब उनले यो कथा एडभेन्टिस्ट मिशनलाई सुनाए तब उनी आनन्दित भएर बताएका थिए। चर्चको लक्ष्यलाई पूरा गर्न गवाही दिने बेलामा परमेश्वर उनीसँग उपस्थिति भएको उनले सुनाएका थिए। "आफ्नो कामको पछाडि परमेश्वर हुनुहुन्छ भनेर थाहा पाउनु मेरो लागि प्रेरणादायी छ," उनले सुनाइ।

- आन्ड्र्यु मेकचिसनी